# रक्तक्रान्तिका गीतहरूमा जनयुद्धको अभिव्यक्ति

## (Reflection of People's War in *The Songs of Blood Revolution*)

**निलुफर बञ्जरा**[१]

***लेखसार***

*खुशीराम पाखिनको रक्तक्रान्तिका गीतहरू गीतिसङ्ग्रहका गीतहरू जनयुद्धसँग सम्बद्ध गीतहरू हुन् । उनका गीतहरूमा नेपाली जनताले भोग्नु परेका जटिलता र त्यसबाट मुक्तिसँग सम्बन्धित छन् । वस्तुनिष्ठ र प्राज्ञिक अध्ययनका लागि मार्क्सवादी सौन्दर्यशास्त्रका विषयलाई मुख्य सैद्धान्तिक आधार बनाएर उनका गीतलाई विश्लेषण गरिएको छ । वि.स.२०५२ फागुन १ गतेबाट नेकपा माओवादीद्वारा राजनीतिक उद्देश्यका साथ जनयुद्धको थालनी गरिएको हो । जनयुद्ध सर्वहारा वर्गीय सशस्त्र राजनीतिक आन्दोलन हो । यो मार्क्सवाद, लेनिनवाद र माओवादलाई निर्देशक सिद्धान्त मानी सञ्चालन गरिएको सशस्त्र सङ्घर्ष हो । नेपाली समाजमा भएका वर्ग सङ्घर्षका अनेकौं रूपहरू मध्ये एक महत्त्वपूर्ण रूप जनयुद्ध हो । सर्वहारा वर्गको राज्यसत्ता प्राप्तिका लागि भनेर गरिएको माओवादी जनयुद्धले नेपाली समाजका हरेक पक्षमा प्रभाव पार्‍यो । नेपाली जनताको जीवनसँग गाँसिएको, चेतनासँग गाँसिएको, आदर्शसँग गाँसिएको वर्गयुद्ध नै जनयुद्ध हो जसले समाज, संस्कृति लगायत जीवनका सबै पक्षलाई जबर्जस्त प्रभावित तुल्यायो । समाजका अरु क्षेत्रमाझैं कला साहित्यका क्षेत्रमा पनि जनयुद्धको प्रभाव पर्‍यो । जनयुद्धको सौन्दर्यशास्त्रका बारेमा पनि बहस र छलफल प्रारम्भ भए । यसरी कला साहित्यमा जनयुद्धले प्रभाव जसरी पारेरै छाड्यो । गीत सङ्गीतका क्षेत्रमा पनि जनयुद्धको गहिरो प्रभाव पर्‍यो । यिनै विषयलाई आधार मान्दै खुशीराम पाखिनको रक्तक्रान्तिका गीतहरू गीतसङ्ग्रहमा सङ्गृहीत गीतहरूको विश्लेषण गरिएको छ ।*

**शब्दकुञ्ज** : सौन्दर्यशास्त्र, द्वन्द्वात्मक, ऐतिहासिक भौतिकवादी, पक्षधरता, प्रगतिवादी

### परिचय

खुशीराम पाखिन (२००९- २०७४) समकालिन प्रगतिवादी नेपाली साहित्यमा सुपरिचित नाम हो । कम्युनिस्ट राजनीति र साहित्यसृजनालाई एकसाथ अगाडि बढाउँदै निरन्तर क्रियाशील रहेका पाखिनको लेखनको मूल विधा गीतिसाहित्य हो भने उनका छिटपुट कथा तथा अनुभूति (संस्मरण) हरू पनि छन् । उनको आँसुको भाका र रक्तक्रन्तिका गीतहरू गरी दुईवटा गीतिसङ्ग्रहहरू छन् । यी गीतिसङ्ग्रहमा सङ्गृहीत गीतले मूलतः २०४६ देखि २०६२/६३ सालको जनआन्दोलनको स्वरलाई मुखरित गरेका छन् । पाखिनले आफ्ना प्रथम चरणका गीतहरूमा तत्कालीन पञ्चायती व्यवस्थाले उत्पन्न गरेका कुरूप पक्षहरूको चित्रण गर्दैं त्यसको अन्त्य गरी

१ विद्यार्थी, दर्शनाचार्य-विद्यावारिधी तह, त्रिवि, कीर्तिपुर, नेपाल, ईमेलः kabitabanjarakhatri@gmail.com

समाजवाद तर्फको यात्रामा अघि बढ्न जनतालाई आह्वन गरेका छन्। पाख्रिनका दोस्रो चरणका गीतहरू तात्कालीन नेकपा (माओवादी) द्वारा सुरु गरिएको जनयुद्धमा आधारित छन्। २०५२ सालबाट सुरु भएको माओवादी जनयुद्धमा आफू पूर्णकालिन सदस्य भई सरिक रहँदाको अवस्थामा पनि पाख्रिन आफ्नो गीतिसृजनामा निरन्तर रूपमा लागिनै रहे। राजनीतिक, सामाजिक एवम् आर्थिक परिवर्तनका साथमा अग्रगमन र परिवर्तनका स्वरहरू ओकल्दै मुक्ति या मृत्युको कसम खाएर युद्ध मोर्चामा होमिएका खुशीराम पाख्रिन एक प्रगतिवादी गीतकार हुन्। प्रस्तुत लेखमा खुशीराम पाख्रिनका रक्तक्रन्तिका स्वरहरू गीतिसङ्ग्रहमा सङ्गृहीत गीतहरूमा केन्द्रित भएर मार्क्सवादी सौन्दर्यशास्त्रीय चिन्तनलाई सैधान्तिक आधार मान्दै विश्लेषण गरिएको छ।

**सैद्धान्तिक पर्याधार र विश्लेषणविधि**

जनयुद्धको सौन्दर्यशास्त्र मार्क्सवादी सौन्दर्यशास्त्रकै निरन्तरता हो। जनयुद्धको सौन्दर्यशास्त्र उत्पीडन विरुद्धको विद्रोह, दलित, महिला तथा जातीय मुक्ति र अग्रगामी रूपान्तरणको दृष्टिकोण हो। जनयुद्धले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्व दृष्टिकोण, वर्ग सङ्घर्ष तथा सर्वहारा अधिनायकत्वको सिद्धान्त, सामाजिक तथा सांस्कृतिक रूपान्तरणमा कला साहित्यको क्रान्तिकारी भूमिका, समीक्षकको ऐतिहासिक सामाजिक दायित्वबोध एवम् लेखक-पाठकसँगको सजीव सम्बन्ध आदि कुरामा विशेष ध्यान दिने विचार प्रस्तुत गरेका छन् (चैतन्य, २०६४, पृ. ५०) । वि.सं २०५२ देखि नेपालमा सञ्चालित माओवादी जनयुद्धलाई वर्ग सङ्घर्षको उत्कर्ष र उदात्त रूप मान्दै त्यसको आलोकमा विकसित सौन्दर्यचिन्तनलाई जनयुद्धको आवजका रूपमा व्याख्या गरिएको छ।

द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादी विश्व दृष्टिकोणमा आधारित सौन्दर्यशास्त्र नै मार्क्सवादी सौन्दर्यशास्त्र हो। मार्क्सवादी सौन्दर्यशास्त्रले वस्तुको गुण नै सौन्दर्य हो, सुन्दर वस्तुमा सौन्दर्य निहित हुन्छ भन्ने मान्यता राख्छ। त्यस्तै लेनिनको पक्षधरताको सिद्धान्त र माओको कला सौन्दर्य चिन्तनले पनि मार्क्सवादी सौन्दर्यशास्त्रलाई नै विकसित तुल्याएको छ। सामान्यतः मार्क्सवादी अथवा प्रगतिवादी सिर्जनाको मूल्याङ्कनमा यही मार्क्सवादी सौन्दर्यशास्त्रीय मान्यता नै उपयोगी हुन्छ र प्रस्तुत लेखमा सामग्री विश्लेषणका लागि मुख्यतः यही मार्क्सवादी कला मान्यताको उपयोग गरिएको छ।

जनयुद्ध हतियारबद्ध हिंसात्मक राजनीतिक आन्दोलनका रूपमा नेपाली समाज विकासको इतिहासमा देखिएको एउटा विशिष्ट परिघटना हो। यसले यथार्थको भिन्न परिवेश सिर्जना गरेको र यथार्थलाई हेर्ने भिन्न दृष्टि विकसित गरेको देखिन्छ। जनयुद्धले जन्माएको नवीन परिघटनासँग सम्बन्धित भएर आएका विद्रोह, आनन्द, आक्रोश, प्रतिरोध, ध्वंस, निर्माण, वीरत्व आदि जनयुद्धका अभिव्यक्तिगत पक्ष हुन्। जनयुद्धको अन्तर्वस्तुको अध्ययन विषयभित्र आउने सर्वहारा वर्गीय शोषण, दमन र उत्पीडन विरुद्धको विद्रोह चेतना आदि पनि मार्क्सवादी सौन्दर्य चिन्तनभित्रै पर्ने हुँदा यिनको अध्ययन समग्रमा मार्क्सवादी सौन्दर्यशास्त्रीय मान्यताकै आधारमा गर्न सकिन्छ। यस बाहेक जनयुद्धको आवश्यकता एवम् औचित्य र यसले नेपाली समकालीन कला साहित्यमा पारेको प्रभाव सम्बन्धमा नेपाली मार्क्सवादी समीक्षकहरूद्वारा प्रस्तुत विचार एवम् मान्यताको पनि आवश्यकता अनुसार उपयोग गरिएको छ। अतः आगमनात्मक र निगमनात्मक दुवै तर्क पद्धतिको उपयोग गरी यस लेखकार्यमा विश्लेषणात्मक विधिका आधारमा खुशीराम पाख्रिनको रक्तक्रान्तिका गीतहरू गीतिसङ्ग्रहका गीतहरूमा जनयुद्धको अभिव्यक्ति कसरी भएको छ भन्ने लेख्य समस्याको समाधान खोजिएको छ।

## रक्तक्रन्तिका गीतहरूका गीतमा अग्रगमन र परिवर्तनको स्वर

खुशीराम पाख्रिनद्वारा लिखित रक्तक्रान्तिका गीतहरूमा २०५२ साल पछिको वर्गद्धन्दमा प्रत्यक्ष रूपमा समावेश भएर द्धन्दशील यर्थाथलाई प्रस्तुत गर्दै परिवर्तनलाई आमन्त्रण गरिएको छ। यस गीतिसङ्ग्रहका गीतहरूले क्रान्तिको सन्देश, मुक्तिको सन्देश, परिवर्तनको सन्देश, समानताको सन्देश र न्यायको सन्देश बोकेको छ। यी गीतले भूमिगत कालमा गाँउघरका गोठ, टहरा, कोठा, चोटा, जङ्गल फूलबारी, सभा, सम्मेलन आदिमा सर्वसाधरण जनतालाई ब्युँझाउने काम गर्‍यो ।

यस लेखमा गीतिसंग्रह भित्रका केही महत्त्वपूर्ण गीतहरूका मर्मस्पर्शी हरफहरूलाई प्रस्तुत गर्दै विश्लेषण गरिएको छ। 'गोरखाकी छोरी' बोलको गीतमा गीतकारले जनयुद्धकी लडाकु योद्धालाई दुश्मनहरूले कसरी र्निमम हत्या गरे भन्ने सर्न्दभलाई प्रस्तुत गरिएको छ ः

दुःखी गरिव जनतालाई मुक्ति दिन हिँड्दा

संसार फेर्ने अठोट बोकी निरन्तर लाग्दा

दुष्ट खुनी जल्लादहरूले देख्न नसकेर

कठोर यातना जेलनेलले मात्रै नपुगेर

जनयुद्धको राता सिपाही गोरखा कि छोरी

पर्‍यो नि दुश्मनको घेरामा

अर्धनग्न मृत शरीर भेटियो दरौदीको भेलैमा ।

गोरखाकी छोरी पृ.७

प्रस्तुत गीतको रचना मिति उल्लेख नभए पनि कथ्यसन्दर्भका हिसाबले उपर्युक्त पङ्क्तिहरू २०५२ सालमा सुरु भएको जनयुद्धमा सहभागी एक जुझारु योद्धा कमला भट्टलाई खुनि जल्लादहरूले दिएको यातनालाई वास्तविक विषय वस्तु वनाएर रचना गरिएको हो । एक जना नेपालकी छोरीलाइ दुश्मनले गरेको चरम यतना र वलत्कार पछि गरेको हत्या अनि उनको लासलाई दरौँदीको किनारामा लगेर फ्यालिदिएको घटना गीतमा प्रस्तुत गरिएको छ। देशको आमूल परिर्वतनलाई आत्मसाथ गर्दै देश र जनताको लागि गरेको यस वलिदानिले प्रकृति नै स्तब्ध भएको कुरा गीतमा उल्लेख छ। त्यस समयमा महान लक्ष्य लिएर अगाडि बढेकी एक महिलालाई निर्मम यतना दिएर हत्या गरे पनि उनको रगतबाट हजारौ हजार महिला निस्कने छन्, उनको महान आस्था कसैले ढाल्न सक्ने छैन, गोरखाकी ति एक महान वीरङ्गना सधै यस माटोमा फूल बनि फक्रिरहनेछिन् भन्ने सर्न्दभलाई गीतकारले गीतमा कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् ।

रक्तक्रान्तिका स्वरहरू गीतिसंग्रहमा सङ्गृहीत गीतहरूले समाजमा बिध्यमान असमानतालाई हटाइ एक समतामूलक समाज स्थापनामा जोड दिइएको छ। गरिब, महिला, दलित, जनजाति आदिलाई आफ्नो हक लिन जनयुद्धमा सामेल हुनुपर्छ, वर्गीय युद्धमा परिआएको खण्डमा वलिदनी गर्न पनि पछि पर्नु हुदैन, एक दिन जित सुनिश्चित छ, दुस्मन परास्त हुनेछन् भन्ने भाव बोकेको गीतका हरफ तल प्रस्तुत गरिएको छ ः

रगतको भेल तर्दै मृत्युलाई गौरव ठान्दै

सरलबाट जटिल हुदै दुश्मनलाई सबक दिदै

अपराजय वलिदानको त्यो रक्तिम बाटो अँगाल्दै
जीत निश्चित हुन्छ भन्ने अविरल विश्वास सङ्गाल्दै
लालभ्फोपडीका मान्छेहरू
महासमरका यात्रीहरू
एउटा सुन्दर सपना बोकी तुफानसँग कुद्‌दैछन्
हर चुनौतीको सामना गर्दै भ्फन उचाइमा पुग्दैछन्

लाल भ्फोपडीका मान्छेहरू (पृ. १०)

यस कथ्यले जनयुद्धको दौरानमा काँधमा वन्दुक बोकेर मुक्तिको गीत गाँउदै, लाखौ दु : खी जनताको न्यानो माया सङ्गालेर गाँउवस्तीमा आस्थाको फूल रोप्दै हिडेका ती लालयोद्धाहरूको समर्पण र त्यागलाई प्रस्तुत गरेको छ। गीतमा जनयुद्धका लालयोद्धाहरूलाई वर्तमान शोषण मूलक समाजलाई बदलेर समाजवाद हुँदै साम्यवादसम्म पुर्‍याउने उदेश्य बोकेका “महासमरका यात्रीहरू” भनेर महान् योद्धाको उपमाद्धारा सम्मान व्यक्त गरिएको छ।

परिवर्तनलाई आत्मसाथ गर्दै वर्गीय युद्धमा निम्न वर्गलाई उठाउनु पर्दछ। समाजमा रहेको अन्यया र अत्यचारको जालोलाई च्यात्नु पर्छ। गरिब मारी मोटाएका किर्ना वा समाजका शोषक वर्गलाई तहलगाउनु पर्छ। समाजमा सबैको हैसियत बराबरी हुनुपर्दछ भन्दै तलका हरफहरूले एक न्यायपूर्ण समतामूलक समाज स्थापनामा जोडदिएको छ :

धेरै कामको थोरै ज्याला दिने भएपछि
थोरै चीजको धेरै मूल्य लिने भएपछि
अत्यचारी फटाहहरू किन हुन्नन धनी
गरिब भ्फन्भ्फन् सर्वहारा त्यसैले त हो नि
उठउठ हे सर्वहारा आँउछ सुदिन सामन्ती मासेर
हारे जाला यो एउटा ज्यान जिते आँउछ यो सिङ्गो संसार

जिते आउँछ यो सिङ्गै संसार पृ. १५

प्रस्तुत गीतमा सर्वहारा वर्गलाई वर्गीय युद्धमा सर्मपित हुन आह्व्न गरिएको छ। “हारे जाला यो एउटा ज्यान जीते आउँछ यो सिङ्गो संसार” भन्दै गीतकारले श्रमजीवि वर्गलाई देश परिवर्तनको लागि उठ्नु पर्छ भनेका छन्। ज्यालामा ठग्ने सामन्ती वर्ग, अत्यचारी फटाहा र गरीब मार्ने धनीलाई हामीले चिन्नु पर्छ र उनिहरूसँग अन्तिम लडाई लड्नु पर्दछ भन्नेकुरा गीतमा उल्लेख गरिएको छ।

खुसिराम पाख्रिनद्वारा लिखित ‘सहिदहरू बोलिरहेको हाँसिरहेको’ शीर्षकको गीतमा क्रान्तिका लागि समर्पित महान् सहिदहरूको सम्भ्फनामा सहिदको नामबाट सहिद गेट निर्माण भैरहेको छ। त्यही सहिद गेटले वीरहरूको बलिदानको कथा बोकेको छ। सहिदको रगतले मुक्तिमार्ग कोरिरहेछ र क्रान्तिको पथमा लम्किरहेछ भन्दै यस गीतका हरफहरू प्रस्तुत गरिएको छ :

सहिदहरू बोलिरहेको हाँसिरहेको
देखेँ मैले रातो अक्षरमा
गैरीगाँउको बजारैमा सहिद गेटैमा
बलिदानको साँचो अर्थ बुझाइरहेको
रगतले मुक्तिमार्ग कोरिरहेको
गुराँसको थुङ्गा बनी फक्रिरहेको
क्रान्तिको मिठो सपना बाँडिरहेको
सहिदहरू बोलिरहेको हाँसिरहेको............

सहिदहरू बोलिरहेको हाँसिरहेको पृ. ३८

प्रस्तुत गीतमा जनयुद्धका सहिद क्रान्तिका संवाहक हुन् । आज सहिदका नामबाट बनेका गेट, सालिक आदिले युद्धको अनुभूत गराउनका साथै सहिदको रगतले मुक्तिको मार्ग कोरिरहेको छ। गुराँसको फूल झै कठिन परिस्थितिमा पनि फूल्न सक्ने क्रान्तिको मिठो सपना बाँडिरहेको छ। भन्ने भाव बोकेको छ।

गीतकारले "ढल्छ दरबार" बोलको गीतमा जनतालाई निरङ्कुश राजतन्त्र बिरुद्ध उठ्न आह्वान गरेका छन् । निरङ्कुश राजतन्त्र हटाउनु पर्छ, कृषी प्रधान देशमा किसानको राज हुनुपर्छ र गरिबको छोरा छोरीले शासन चलाउन पाउनुपर्छ भन्ने मूल र्ममलाई गीतमा समेटिएको छ :

निरङ्कुश राजतन्त्र मिल्काइदिऊँ
म्युजियममा लगेर थन्काइदिऊँ
उठ्दैछन उर्लिएर जनउभार

ढल्छ दरबार पृ. ५९ं

गीतमा गीतकारले भविष्यवाणी गरे जस्तै राजतन्त्र अहिले म्युजियममा थन्किएको छ। गीतमा त्यसवेला राजतन्त्र बिरुद्ध उर्लिएको जनउभारलाई चित्रित गर्नुका साथै गणतन्त्र स्थापनाका लागि होमिएका जनतामा औधि उत्साह र आशाको सञ्चार गराउने काम समेत भएको छ।

पाख्रिनले 'हामी पनि उठिसक्यौं' शीर्षकको गीतमा वीरहरूले हरेक चुनौति सहदै देश परिर्वतका लागि अघि बढिरहेको भाव व्यक्त गरेका छन् । यस गीतले जनयुद्ध कालमा भएको वास्तविक विचारलाई प्रस्तुत गर्नका साथै वीरहरूमा उत्साह यसरी थपेको छ :

बाँधेर बाँधिन्न हाम्रो इच्छाहरूलाई
थुनेर थुनिन्न हाम्रो उच्च विचारलाई
जञ्जिरहरू तोड्दै छौं जेलको पर्खाल फोड्दैछौं
वीर भएर भिड्दै छौं युद्धमा छाती खोलेर
हामी पनि उठिसक्यौं विद्रोहको ज्वाला बालेर

युग फेर्ने आँधी हौं सक्ने छैन कसैले रोकेर

हामी पनि उठिसक्यौं पृ. ५३

प्रस्तुत पङ्क्तिहरूमा गीतकारले जनयुद्धका लागि हामी उठी सक्यौं । हाम्रा हरेक इच्छा चाहानालाई तिमीहरूले बाँधे पनि, हाम्रा विचार प्रतिबन्ध गरे पनि हामी सधैं अन्यायको विरुद्धमा लडिरहने छौं । हामीलाई जेलको पर्खालभित्र थुने पनि वीरहरू पर्खाल फोर्दै निस्कदै छन् । हाम्रा चाहाना हाम्रा विचारहरू ज्वाला बनि उठिरहेछन् । युग परिर्वनको लागि आँधी बनि उठिरहेछन् । हाम्रा क्रान्तिकारी योद्धालाई कसैले रोक्न सक्दैन भन्दै गीतकारले जनयुद्ध सफल हुन्छ र हुदैछ भन्ने भाव यस गीतमा व्यक्त गरेका छन् ।

पाख्रिनले “हे श्रमिक दु ः खी जनहरू” बोलको गीतमा गरिव वर्गका जनताले एउटा ज्यादै प्रतिकूल र अफ्ठ्यारो परिस्थितीसँग जुध्दै दुश्मनसँगको लडाईमा सफलताको उचाइ प्राप्त गर्दैछन् भन्ने कुरालाई चित्रित गरेका छन् ः

भीर पहिरो अफ्ठ्यारोमा दुश्मनको चौघेरोमा

वम गोलाको गर्जन भित्र धूँवाको भुमरीमा

जीवन अर्पि बैरीलाई धावा बोल्दै  छौँ

रगतका नदी तर्दै अघि बढ्दै छौ

हे श्रमिक दु ः खी जनहरू.......

हे श्रमिक दु ः खी जनहरू पृ. ५४

यस कथ्यमा गीतकारले जनयुद्धका क्रममा आइपर्ने जस्तो सुकै चुनौतीलाई सामना गर्दै अघि बढेका युद्धमा सरिक योद्धाहरूका कदमलाई सही ठहर्‍याउदै त्यसको औधि तारिफ गरेका छन् ।  २०५२ साल फागुन १ गते देखि सुरु भएको जनयुद्धमा सहभागी भएका श्रमजीवि वर्गलाई उत्साहको सञ्चार गराउँदै गीतकारले  परिवर्तको पक्षमा आफ्नो आवाजलाई गीतको माध्यमबाट प्रस्तुत गरेका छन् ।

पाख्रिनद्वारा लिखित ‘एउटा नयाँ उभार हो यो’ शीर्षकको गीतमा राज्यसत्ताले गरेको दमन, सामन्ती हैकमवादीहरूको विरुद्धमा उठेको आन्दोलन हो यो भनि प्रस्तुत गर्दै, त्यसको विरुद्धमा वर्गीय द्वन्द्वलाई अन्त्य गर्नुपर्छ भन्दै नयाँ उभार र अग्रगामी छलाङ हान्ने महान् अभियान हो जनयुद्ध भनी प्रस्तुत गीतबाट यसरी प्रस्तुत गरिएको छ ः

निरङ्कुश दमनले उठेको आक्रोश हो

सामन्ती हैकमलाई नष्ट गर्ने अठोट हो

वर्गीय द्वन्द्वमा उठेको विचार हो

देश नयाँ बनाउने एउटा महान् लक्ष्य हो ।

एउटा नयाँ उभार हो यो पृ. ६२

प्रस्तुत पङ्क्तिहरूमा गीतकार पाख्रिनले जनयुद्धलाई निरङ्कुश राज्यसत्ताले गरेको दमनको विरुद्धमा उठेको आक्रोश हो भनेका छन् । यस्ता खालका दमन, हैकमलाई नष्ट पार्न र निम्न वर्गको मुक्तिको लागि जनयुद्ध गरिएको हो भन्ने भाव व्यक्त गरेका छन् । यो आन्दोलन वर्गीय द्वन्द्वलाई अन्त्य गर्न उठेको महान् आन्दोलन हो

भनि प्रस्तुत गरेका छन्ः

आकाश गर्जियो धर्ती काप्यो
सर्वहारा गर्जनले
सामन्तको जगै भत्कियो
साम्राज्यको मुटु थर्कियो महान् जनयुद्धले
चट्याङ्ग बर्सियो, बारुद सल्कियो, क्याम्पहरू जले
गोली चल्यो रगत बग्यो दुश्मनहरू ढले
युगयुगको जन्जिर तोड्न जनता हाम्फाले
दासताको जुवाबाट मुक्त हुन थाले

आकाश गर्जियो पृ. ६६

प्रस्तुत पङ्क्तिहरूमा गीतकार पाख्रिनले महान् जनयुद्धले सामन्तवादी, साम्राज्यवादी र विस्तारवादीहरूको सातो खाएको प्रसङ्ग उठाउदै यस गीतमा प्रस्तुत गरेका छन् ।

**निष्कर्ष**

नेपाली प्रगतिवादी गीतिसाहित्यमा कलम चलाउने पाख्रिनका गीतहरू विशेष गरेर २०४६ सालको जनआन्दोलन र २०५२ सालपछिको जनयुद्धमा केन्द्रित भएका छन् । उनका गीतमा आन्दोलनकालीन वस्तुयथार्थलाई कथ्य विषय बनाइएको छ। समकालीन राजनीति व्यवस्थाले उब्जाएका कुरूप यथार्थको चित्रण गर्दै अग्रगमन र परिवर्तनको स्वरलाई अभिव्यक्ति दिइएकाले उनका गीतमा प्रगतिवादी दृष्टि र चेतनाको प्रखरता भेटिन्छ । रचना विधानका हिसाबले समेत उनका गीतहरू समाजवादी यथार्थवादका कित्तामा पर्दछन् । समाजवादी यथार्थवादले जीवन जगत्का वस्तु सत्यलाई द्वन्द्वशील यथार्थका रूपमा लिदै त्यसलाई परिवर्तनशील वस्तु मान्दछ । खुशीराम पाख्रिनको गीतमा पनि द्वन्द्वशील वस्तुयथार्थको अभिव्यक्ति छ। उनले नयाँ र पुरानाका बिचको, शोषक र शोषितका बिचको द्वन्द्वशील यथार्थलाई आफ्ना गीतहरूमा प्रस्तुत गरेका छन् । लोकलयमा प्रस्तुत विविध गीतहरूमा बिम्ब-प्रतीक र अलङ्कारको प्रयोग गरिएको छ। अन्त्यमा अग्रगमन र परिवर्तनको स्वर बोकेका पाख्रिनका गीतहरूले नेपाली प्रगतिवादी साहित्यमा ठुलो योगदान दिएको छ।

**सन्दर्भसामग्री सूची**

गौतम, देवीप्रसाद (२०४९), प्रगतिवाद : परम्परा र मान्यता , काठमाडौं : मुना गौतम ।

पाख्रिन, खुशीराम (२०६३), रक्तक्रन्तिका गीतहरू (चौथौ.सं,) अखिल नेपाल जनसांस्कृतिक महासङ्घ ।

पाण्डेय, ताराकान्त (२०५६), प्रगतिवाद र कविता , काठमाडौं : शीला योगी ।

बञ्जारा, निलुफर (२०७४), "आँसुको भाका गीतिसङ्ग्रहको गीतमा विधात्ताविक अध्ययन", अप्रकाशित स्नातकोत्तर शोधपत्र पाटन संयुक्त क्याम्पस, त्रिभुवन विश्वविद्यालय ।

चैतन्य (२०६४), मार्क्सवादी कलादृष्टि र समीक्षा (दोस्रो.सं), काठमाडौँ : ऐरावती प्रकाशन प्रा.लि ।